आ.व. ०८१/८२ को एघारौं बैठक

आज मिति २०८२ साल जेष्ठ ०५ गते सोमबारका दिन पाथीभरा याङ्वरक गाउँपालिकाका अध्यक्ष श्री **केशर कुमार सुब्बा** ज्यूको अध्यक्षतामा तपसिलमा उल्लेखित सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी निम्न निर्णयहरु गरियो ।

उपस्थिति:

| क्र.स. | नामथर | पद | सम्पर्क नं. | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री केशर कुमार सुब्बा | अध्यक्ष | ९८४२६६०११९ | |
| २ | श्री रनमाया गुरुङ | सदस्य | ९८४२६६००८४ | |
| ३ | श्री दिल कुमार सुनुवार | सदस्य | ९८५२६६०३५५ | |
| ४ | श्री बलुराम लिम्बु | सदस्य | ९८१५०९४१४० | |
| ५ | श्री पुर्ण बहादुर तिवारी | सदस्य | ९८४२७६९३३१ | |
| ६ | श्री बल बहादुर साम्सोहाङ | सदस्य | ९८१५९००२२६ | |
| ७ | श्री सन्देश कुमार साम्सोहाङ | का.वा. अध्यक्ष | ९८०४९९४६४० | |
| ८ | श्री जीतमान तामाङ | सदस्य | ९८०७९००३९९ | |
| ९ | श्री एलिसा इङ्नाम | सदस्य | ९८१५९२०४१० | |
| १० | श्री मुना नेपाली | सदस्य | ९८४११९१३८८ | |
| ११ | श्री जसोदा नेपाली | सदस्य | ९८४५६०९९५३ | |
| १२ | श्री इन्द्र बहादुर खवास | सदस्य | ९८१७९५७०३९ | |
| १३ | श्री पदम बहादुर कामी | सदस्य | ९८२४९८८४८२ | |
| १४ | श्री शोनिसा साम्यू लिम्बु | सदस्य | ९८१६०२९१०० | |
| १५ | श्री संगम पौडेल | सदस्य-सचिव | ९८५२६६०४६० | |

अन्य

शिव कुमार काम्बाङ, प्रशासन शाखा

धन बहादुर बुढाथोकी, का.स.

निर्णयहरु:

निर्णय नं.१

यस गाउँपालिका, गाउँकार्यपालिकाको अघिल्लो बैठकहरुको निर्णयहरुको कार्यान्वयनको स्थितिबारे प्र.प्र.अ. श्री संगम पौडेलबाट बैठकमा जानकारी भयो साथै कार्यान्वयन गर्न बाँकी रहेका निर्णयहरुलाई तत्काल कार्यान्वयन गर्ने सर्वसहमतिले निर्णय गरियो ।

निर्णय नं.-२

स्थानीय तहमा आधारभूत स्वस्थ्य केन्द्र निर्माण तथा सेवा सञ्चालन कार्यविधि, २०७५ (दोस्रो संशोधन २०८१) को बुँदा-४ को ३ मा स्वास्थ्य सस्थाहरु भई रहेको वडाहरुमा आधारभूत स्वास्थ्य केन्द्र सम्बन्धी बजेट खर्च गर्न नपाइने व्यवस्था अनुरुप यस पाथीभरा याङवरक गाउँपालिकाको वडा नं.-१ नाङखोल्याङमा स्वास्थ्य केन्द्र रहेको हुनाले, उक्त वडामा आधारभूत स्वास्थ्य केन्द्र निर्माण गर्नको लागि विनियोजित बजेट खर्च नगर्ने सर्वसहमतिले निर्णय गरियो।

निर्णय नं.-३

यस गाउँपालिकाको वडा नं.-३, तिरिङ्गेमा विनियोजित तिरिङ्गे गिद्दे पहरा धर्तिफाटा पर्यटकीय क्षेत्र विकास निर्माण आयोजनाबाट धाप पोखरीबाट धर्तीफाटा जाने पदमार्ग निर्माण, विश्राम स्थल निर्माण र खानेपानीको व्यवस्था गर्ने साथै उक्त कार्य उपभोक्ता समिति मार्फत सञ्चालन गर्ने सर्वसहमतिले निर्णय गरियो।

निर्णय नं.-४

सडक बोर्ड नेपालबाट आ.व.०८१/०८२ मा स्वीकृत वडा नं.-२ को श्यामेचोक देखि हाम्फाबुङ हुँदै सदरमुकाम जाने सडक मर्मत कार्यक्रमको लागि यस गाउँपालिकाले बेहोर्नु पर्ने २०% साझेदारी रकम अन्य साझेदारी शिर्षकबाट वेहोर्ने साथै उक्त आयोजना उपभोक्ता समितिमार्फत सञ्चालन गर्ने सर्वसहमतिले निर्णय गरियो।

निर्णय नं.-५

यस गाउँपालिकाबाट विभिन्न स्थानमा (याङवरक गाउँपालिका, पाँचथर, लेलेप कञ्चनजंघा हिरक महोत्सव र मिक्वाखोला गाउँपालिका) भलिबल खेलमा सहभागी हुँदा व्यवस्थापकीय लगायत प्रोत्साहनवापतको रकम रु. ८,४९,०००।- (अक्षरेपी आठ लाख उनन्चास हजार मात्र।), गाउँपालिकाले सञ्चालन गरेको पाथीभरा ब्याडमिन्टन कपमा नपुग रकम रु. ६७४५०।-( अक्षरेपी सरसट्ठी हजार चार सय पचास मात्र।), जिल्ला भलिबल संघ, ताप्लेजुङले आयोजना गरेको भलिबल रेफ्रि ट्रेनिङको खर्च रु. ३९०५०।- (अक्षरेपी उन्चालिस हजार पचास मात्र।) साथै पाँचथरमा आयोजना भएको फुटबल रेफ्री ट्रेनिङमा सहभागी पठाएवापतको रकम रु. १९५००।-

(अक्षरेपी उन्नाइस हजार पाँच सय मात्र।) गरी जम्मा रकम रु. ९,७५,०००।-(अक्षरेपी नौ लाख पचहत्तर हजार मात्र।) अन्य खेलकुद शिर्षकबाट व्ययभार हुने गरी भुक्तानी गर्ने सर्वसहमतिले निर्णय गरियो।

निर्णय नं.-६

जिल्ला अदालत, ताप्लेजुङबाट माननीय न्यायाधिसबाट यस गाउँपालिकामा रहेको न्यायिक समितिको अनुगमन गर्न आउने क्रममा, गाडी बिग्रिएको हुँनाले, मर्मत आदेशबमोजिम उक्त गाडी मर्मत सञ्चालन कोषबाट व्ययभार हुने गरी मर्मत गर्ने सर्वसहमतिले निर्णय गरियो।

निर्णय नं.-७

पाथीभरा याङवरक गाउँपालिकाको पुरस्कार तथा सम्मान सम्बन्धी मापदण्ड, २०८० को दफा-४ (च) बमोजिम २०८२ साल वैशाख महिनाको उत्कृष्ट कर्मचारी (Employee Of The Month) अधिकृत छैटौं श्री शिव कुमार काम्बाङलाई छनौट गर्ने सर्वसहमतिले निर्णय गरियो।

निर्णय नं.-८

आ.व.०८१/०८२ मा गाउँसभाबाट स्वीकृत थेचम्बु खेलमैदान विस्तार आयोजना कोटेशन विधिबाट निर्माण कार्य अघि बढाउने सर्वसहमतिले निर्णय गरियो।

निर्णय नं.-९

यस कार्यालयमा निवेदन दिएका तपसिल बमोजिमका निवेदकलाई विपन्न नागरिक उपचार सहायता कोष व्ययभार हुनेगरी आर्थिक सहायता उपलब्ध गराउने सर्वसहमतिले निर्णय गरियो ।

तपसिलः

| क्र.स. | निवेदकको नामथर | ठेगाना | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | मेनुका देवी खतिवडा | पाथीभरा याङवरक-१, ताप्लेजुङ। | १०००० | |
| २ | विपिन सुनुवार | पाथीभरा याङवरक-१, ताप्लेजुङ। | १०००० | |
| ३ | छविलाल दर्जी | पाथीभरा याङवरक-४, ताप्लेजुङ। | १०००० | |
| ४ | खड्ग प्रसाद लिम्बु | पाथीभरा याङवरक-४, ताप्लेजुङ। | १०००० | |
| ५ | लिलामाया दर्जी | पाथीभरा याङवरक-४, ताप्लेजुङ। | १०००० | |
| ६ | विश्वास थेवे | पाथीभरा याङवरक-६, ताप्लेजुङ। | १०००० | |
| ७ | कर्ण बहादुर विश्वकर्मा | पाथीभरा याङवरक-२, ताप्लेजुङ। | १०००० | |

निर्णय नं.-१०

प्रस्तुत विषयमा यस गाउँपालिकामा सञ्चालित कावेली पुर्णेडाँडा पालिका भवन सम्मको कालोपत्रे सडक निर्माण कार्यको ठेक्का नं.NCB/WORKS/PYRM/KPPSKS-03/080/81 गाउँपालिका र श्री श्याम श्री जय शम्भु चक्र जे.भी., ईलाम बिच मिति:२०८१/०२/२२ मा सम्झौता भई मिति:२०८२/०२/२२ सम्म म्याद रहेकोमा उक्त निर्माण व्यवसायीले म्याद थप गर्नको लागि पत्र पेस गरेको र म्याद थप गर्न मनासिव रहेको हुनाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा-५६ बमोजिम मिति:२०८२/०२/२२ गते देखि मिति:२०८२/०८/२२ सम्म खरिद सम्झौताको अवधि थप गर्ने सर्वसहमतिले निर्णय गरियो।

निर्णय नं.-११

प्रस्तुत विषयमा यस गाउँपालिकामा सञ्चालित थुम्वेदिन खेल मैदान निर्माण कार्यको ठेक्का नं.NCB/WORKS/PYRM/TKMN-02/081/82 गाउँपालिका र श्री याङतारु निर्माण सेवा प्रा.लि., पाँचथरबिच मिति:२०८१/०९/०१ मा सम्झौता भई निर्माण कार्य सञ्चालन भएकोमा प्रारम्भिक योजना अनुसार कार्य सम्पन्न गर्ने क्रममा ग्याविन जालीको मात्रा वृद्धि गर्नु पर्ने तथा आवश्यक मात्रामा माटो कटिङ गर्नु पर्ने आवश्यकता देखिएको हुँदा, प्राविधिक परीक्षण एवम् निर्माण स्थलको स्थलगत निरीक्षण पश्चात सम्झौता रकमको २४.०९ प्रतिशत भेरिएसन गर्नु पर्ने भएकाले पाथीभरा याङवरक गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०७५ को नियम १२७ को १(ख) मा गाउँपालिकामा १५ प्रतिशत भन्दा माथी भेरिएसन कार्यपालिकाबाट हुने व्यवस्था बमोजिम उक्त भेरिएसन आदेश दिन सर्वसहमतिले निर्णय गरियो।